नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- वातावरण ०७८। ७९
चलानी नं.:- ८२१

मितिः २०७८/१०/०६

विषयः नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८ बारे।

श्री महानगरपालिका (सबै)।
श्री उपमहानगरपालिका (सबै)
श्री नगरपालिका (सबै)
श्री गाउँपालिका (सबै)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारको पत्र संख्या/च.नं. म.बै./३२१।३८८७ मिति २०७८।९।३० को पत्रसाथ प्राप्त नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।९।३० मा स्वीकृत भएको "नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८" कार्यान्वयनको लागि यसैसाथ राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(कृष्णप्रसाद हुमागाई)
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर।
श्री निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाण्डौं।
श्री स्थानीय पूर्वाधार विभाग, श्रीमहल, ललितपुर।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. : म.बै./३२१/ ३८८६

मितिः २०७८/९/३०

६९२
०८८/१०/५

श्री सचिव,
गृह मन्त्रालय।

यात्रुहरूको यात्रा व्यवस्थापन विषय म.प.बै.सं. ६१/०७८ मिति २०७८/९/३० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

नेपाल सरकारको निर्णय-

"यसैसाथ संलग्न 'नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८' स्वीकृत गर्ने र सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

बोधार्थ तथा कार्यार्थः
श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ८९६
दर्ता मितिः १०।५
समयः

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८

प्रस्तावना: विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोनसहितको सङ्क्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारमा प्रतिकूल असर नपर्ने गरी विदेशबाट नेपाल आउने नेपाली तथा विदेशीहरूको आवागमनलाई व्यवस्थित गर्न आवश्यक भएकोले,

सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस आदेशको नाम "विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "कोभिड-१९ परीक्षण" भन्नाले RT-PCR, Gene Expert वा True NAAT सम्झनुपर्छ र सो शब्दले विश्व स्वास्थ्य सङ्गठनबाट मान्यता प्राप्त तत्सम्बन्धी अन्य परीक्षणलाईसमेत जनाउँछ।

(ख) "एन्टिजेन परीक्षण" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत वा सूचीकृत एन्टिजेन, र्‍यापिड एन्टिजेन वा र्‍यापिड एन्टिजेन (सेल्फ टेष्टिङ) जस्ता परीक्षण विधि सम्झनु पर्छ।

३. **नेपाल आउने विदेशी नागरिकले पूरा गर्नुपर्ने शर्तहरू:**(१) प्रचलित कानूनबमोजिम अन-अराइभल भिसा प्राप्त गर्न सक्ने मुलुकका कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएका नागरिकलाई अन-अराइभल भिसा दिइनेछ । त्यस्तो विदेशी नागरिकले नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा भिसाको लागि आवेदन गर्दा भिसाका लागि आवश्यक अन्य कागजातका अतिरिक्त देहायका कागजातसमेत पेश गर्नुपर्नेछ:-

(क) कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएको प्रमाण,

(ख) हवाई उडानको लागि चेक इन हुनु भन्दा ७२ घण्टाभित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण,

(ग) पर्वतारोहण र पदयात्रा तथा अनुमति लिनुपर्ने अन्य विषयको हकमा सोसम्बन्धी अनुमतिको प्रतिलिपि,

(घ) नेपालमा होटेल बुक गरेको प्रमाण,

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ङ) www.ccmc.gov.np मा लगइन गरी (International Traveler Online Arrival Form) अनलाइन फाराम भरी सोको प्रिन्ट प्रति।

(२) सम्बन्धित मुलुकमा रहेको वा सम्बन्धित मुलुकको लागि तोकिएको नेपाली नियोगबाट भिसा लिएर नेपाल आउन चाहने कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेका विदेशी नागरिकले सम्बन्धित नेपाली नियोगमा भिसाको लागि आवेदन गर्दा भिसाको लागि आवश्यक अन्य कागजातका अतिरिक्त उपदफा (१) को खण्ड (क), (ग) र (घ) बमोजिमका कागजातसमेत संलग्न गर्नुपर्नेछ। त्यस्तो विदेशी नागरिकले नेपाल प्रवेश गर्दा नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा उपदफा (१) को खण्ड (ख) र (ङ) बमोजिमको प्रमाण पेश गर्नु पर्नेछ।

(३) कोभिड-१९ विरुद्धको खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका विदेशी नागरिकको हकमा सम्बन्धित मुलुकको लागि तोकिएको नेपाली नियोगबाट भिसा लिएर र एजेन्सीमार्फत मात्र नेपाल भ्रमणको अनुमति दिइनेछ। यसरी भिसाको लागि आवेदन गर्दा भिसाको लागि आवश्यक अन्य कागजातका अतिरिक्त उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका कागजातसमेत संलग्न गर्नुपर्नेछ। त्यस्तो विदेशी नागरिकले नेपाल प्रवेश गर्दा नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा उपदफा (१) को खण्ड (ख) र (ङ) बमोजिमको प्रमाण पेश गर्नु पर्नेछ।

(४) नेपाल प्रवेश गर्ने खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका वा कोभिड-१९ को लक्षण वा चिह्न देखिएका विदेशी नागरिकको नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा एन्टिजेन परीक्षण गर्नुपर्नेछ। त्यस्तो परीक्षणबाट पोजेटिभ देखिएमा अनिवार्य रूपमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको आइसोलेसन सेन्टर वा अस्पतालमा र नेगेटिभ देखिएमा पाँच दिन होटल क्वारेन्टिनमा बस्ने गरी पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको चौध दिन नपुगेका तर कोभिड-१९ को लक्षण वा चिह्न नदेखिएका विदेशी नागरिकको नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा एन्टिजेन परीक्षण हुन नसकेमा त्यस्तो यात्रुले होटेलमा कोभिड-१९ परीक्षण गरी दफा ४ को उपदफा (१) बमोजिम होटेल क्वारेन्टिनमा बस्नु पर्नेछ।

४. <u>**विदेशी नागरिकले नेपाल प्रवेश गरेपछि पालना गर्नुपर्ने शर्तहरू:**</u> (१) नेपाल प्रवेश गर्ने खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका दफा ३ को उपदफा (३) बमोजिमका विदेशी नागरिक अनिवार्य रूपमा पाँच दिन आफ्नै खर्चमा होटेल क्वारेन्टिनमा बस्नु पर्नेछ। छैटौं दिनमा कोभिड-१९ को परीक्षण गरी रिपोर्ट नेगेटिभ आएपछि मात्र त्यस्तो विदेशी नागरिक आफ्नो नेपाल भ्रमणको उद्देश्यबमोजिमको काममा संलग्न हुन पाउनेछ।

(३) कोभिड-१९ को परीक्षण गर्दा वा आइसोलेसनमा बस्दा लाग्ने खर्च र बीमा लगायतका अन्य खर्चहरू विदेशी नागरिक स्वयंले व्यहोर्नु पर्नेछ।

(४) नेपाल भ्रमणमा रहेका सबै विदेशी नागरिकले कोभिड-१९ को लक्षण वा चिह्न देखिएमा तत्काल कोभिड-१९ को परीक्षण गराउनु पर्नेछ र रिपोर्ट पोजेटिभ आएमा आफ्नै खर्चमा आइसोलेसनमा बस्नु पर्नेछ।

(५) ट्राभल वा ट्रेकिङ एजेन्सीमार्फत नेपाल आएका पर्यटकलाई यस आदेशबमोजिमका शर्तहरू पालना गर्ने गराउने दायित्व सम्बन्धित एजेन्सीको हुनेछ।

(६) कुनै पर्यटकले यस आदेशबमोजिमका शर्तहरू पालना नगरेमा सम्बन्धित एजेन्सी वा होटेलले सोको सूचना तत्काल नेपाल प्रहरी वा सम्बन्धित निकायमा दिनु पर्नेछ।

५. **नेपाली नागरिक वा गैर आवासीय नेपाली नागरिक नेपाल फर्कदा वा आउँदा पालना गर्नु पर्ने यात्राका शर्तहरू:** (१) कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएका विदेश भ्रमणमा रहेका वा वैदेशिक रोजगारीमा गएका नेपाली नागरिक वा गैरआवासीय नेपाली नागरिक (विदेशमा बसोबास गर्ने नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक) वा निजको परिवारको सदस्य (नेपाली वा विदेशी नागरिक) नेपाल फर्कदा वा नेपाल आउँदा हवाई उडानमा चेक इन हुनु भन्दा ७२ घण्टाभित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण र www.ccmc.gov.np मा लगइन गरी विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने फाराम (International Traveler Online Arrival Form) भरी सोको प्रिन्ट प्रति साथमा राख्नु पर्नेछ। त्यस्ता व्यक्ति नेपाल प्रवेश गर्दा कोभिड-१९ को लक्षण वा चिह्न नभएमा गन्तव्यमा जान अनुमति दिइनेछ।

(२) कोभिड-१९ विरुद्धको खोप नलगाएका वा सोको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन पूरा नगरेका विदेश भ्रमणमा रहेका वा वैदेशिक रोजगारीमा गएका नेपाली नागरिक वा गैर आवासीय नेपाली नागरिक (विदेशमा बसोबास गर्ने नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक) वा निजको परिवारको सदस्य (नेपाली वा विदेशी नागरिक) नेपाल आउँदा हवाई उडानमा चेक इन हुनु भन्दा ७२ घण्टा भित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण र विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने फाराम कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी) को वेवसाईट www.ccmc.gov.np मा लगइन गरी अनलाइन फाराम (International Traveler Online Arrival Form) भरी सोको प्रिन्ट प्रति साथमा लिई आउनु पर्नेछ। त्यस्तो व्यक्तिलाई अध्यागमन विन्दुमा एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएपछि गन्तव्यमा जान अनुमति दिइनेछ।

(३) उपदफा (१) बमोजिम नेपाल आउने नेपाली नागरिक वा नेपाली मुलको विदेशी नागरिक वा निजको परिवारको व्यक्ति अध्यागमन विन्दुमा प्रवेश गर्दा कोभिड-१९ को लक्षण वा चिह्न देखिएमा अनिवार्य रूपमा एन्टिजेन परीक्षण गर्नु पर्नेछ। त्यस्तो परीक्षणबाट रिपोर्ट

पोजेटिभ देखिएमा निजलाई आइसोलेसन वा अस्पतालमा पठाइनेछ। रिपोर्ट नेगेटिभ आएमा पाँच दिन होम वा होटेल क्वारेन्टिनमा बस्ने गरी जान दिइनेछ।

(४) उपदफा (२) बमोजिम नेपाल आउने नेपाली नागरिक वा गैरआवासीय नेपाली नागरिक वा निजका परिवारको व्यक्ति अध्यागमन विन्दुमा प्रवेश गर्दा एन्टिजेन परीक्षण गर्नु पर्नेछ। त्यस्तो परीक्षणबाट रिपोर्ट पोजेटिभ देखिएमा निजलाई आइसोलेसन वा अस्पतालमा पठाइनेछ। रिपोर्ट नेगेटिभ आएमा पाँच दिन होम क्वारेन्टिनमा बस्ने गरी गन्तव्यमा जान दिइनेछ।

(५) यस दफाबमोजिमका शर्त तथा मापदण्ड पालना भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तह र स्थानीय प्रशासनले अनुगमन गर्नु पर्नेछ।

६. <u>कुटनीतिक नियोग वा अन्य निकाय सम्बद्ध व्यक्तिहरू नेपाल आउँदा पालना गर्नु पर्ने यात्राका शर्तहरुः</u> (१) कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएका कुटनीतिक नियोगका पदाधिकारीहरू, कर्मचारीहरू वा तिनका परिवारका सदस्यले नेपाल आउँदा हवाई उडानमा चेक इन हुनु भन्दा ७२ घण्टाभित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण र विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने फारम www.ccmc.gov.np मा लगइन गरी अनलाइन फारम (International Traveler Online Arrival Form) भरी सोको प्रिन्ट प्रति संलग्न गरी अन-अराइभल भिसा प्राप्त गर्न सक्ने छन् र सम्बन्धित मुलुकको लागि तोकिएको नेपालको कुटनीतिक नियोगबाट भिसा लिएको भए हवाई उडानमा चेक इन हुनु भन्दा ७२ घण्टाभित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण र विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने फारम www.ccmc.gov.np मा लगइन गरी अनलाइन फारम (International Traveler Online Arrival Form) भरी सोको प्रिन्ट प्रति अध्यागमन विन्दुमा पेश गरेपछि कोभिड-१९ को लक्षण वा चिह्न नदेखिएमा गन्तव्यमा जान अनुमति दिइनेछ।

(२) उपदफा (१)बमोजिम प्रवेश गर्ने व्यक्तिमा कोभिड-१९ को लक्षण वा चिह्न देखिएमा विमानस्थलमै एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा गन्तव्यमा जान दिइनेछ र पोजेटिभ आएमा आइसोलेसन वा अस्पतालमा पठाइनेछ।

(३) उपदफा (१) बमोजिम कोभिड-१९ विरुद्धको खोप नलगाएको, खोपको मात्रा पूरा नगरेका देहायबमोजिमको अवस्थाका सार्वजनिक निकायका पदाधिकारी तथा कुटनीतिक नियोगका पदाधिकारी, कर्मचारी र तिनका परिवारका सदस्यको हकमा देहायबमोजिम गर्ने गराउने गरी नेपाल आउन सक्नेछन्:-

(क) कुटनीतिक नियोगका पदाधिकारी, कर्मचारी र तिनका परिवारका सदस्यलाई सो कुराको अनुगमन सम्बन्धित नियोगले गर्ने गरी नियोगको सिफारिसका आधारमा नेपालमा आउन अनुमति दिने र त्यस्तो व्यक्तिको विमानस्थलमा एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा नियोगले तोकेको बासस्थानमा

अनिवार्य रूपमा कम्तीमा पाँच दिन क्वारेन्टिनमा बस्ने गरी गन्तव्यमा जान अनुमति दिइने।

(ख) नेपालमा कोभिड नियन्त्रणसम्बन्धी कार्यमा खटिन आउने विदेशमा काम गरिरहेका स्वास्थ्यकर्मीलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसका आधारमा नेपाल आउन अनुमति दिने र त्यस्तो व्यक्तिको विमानस्थलमा एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको बासस्थानमा अनिवार्य रूपमा कम्तीमा पाँच दिन क्वारेन्टिन बस्ने गरी गन्तव्यमा जान अनुमति दिइने। यस कुराको अनुगमन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने।

(ग) खण्ड (क) र (ख) बमोजिम विमानस्थलमा एन्टिजेन परीक्षण गर्दा रिपोर्ट पोजेटिभ देखिएमा अनिवार्य रूपमा स्वास्थ्य मापदण्ड पालना गरी आइसोलेसनमा बस्नुपर्ने।

(४) नेपाल सरकारको औपचारिक निमन्त्रणामा निर्धारित बैठकमा सहभागी हुन नेपाल भ्रमण गर्ने विदेशी उच्च पदाधिकारीहरू र अन्य प्रतिनिधिमण्डलका सदस्यहरूलाई नेपाल प्रवेशविन्दुमा कोभिड-१९ को परीक्षण गर्ने र परीक्षण रिपोर्ट नेगेटिभ आएको खण्डमा निर्धारित कार्यक्रममा सहभागी हुन दिने। रिपोर्ट पोजेटिभ देखिएमा अनिवार्य रूपमा स्वास्थ्य मापदण्ड पालना गरी आइसोलेसनमा बस्नुपर्ने।

७. <u>**स्थलमार्गबाट नेपाल प्रवेशः**</u>(१) नेपाल प्रवेश गर्नुभन्दा ७२ घण्टाभित्र कोभिड-१९ को परीक्षण रिपोर्ट नेगेटिभ भएको विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने फारम www.ccmc.gov.np मा लगइन गरीअनलाइन फारम (International Traveler Online Arrival Form) भरी सोको प्रिन्ट प्रति साथमा रहेको भारतीय नागरिकलाई नेपाल भारत सीमाको स्थलमार्गबाट नेपाल प्रवेश गर्ने अनुमति दिइनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल प्रवेश गर्दा कुनै व्यक्तिमा कोभिड-१९ को लक्षण वा चिह्न देखिएमा त्यस्तो व्यक्तिको एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र नेपाल प्रवेश गर्न दिइनेछ।

(३) स्थलमार्गबाट नेपाल प्रवेश गर्ने भारत बाहेक अन्य मुलुकका नागरिकको हकमा कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको, नेपाल प्रवेश गर्नुभन्दा ७२ घण्टाभित्र कोभिड-१९ को परीक्षण रिपोर्ट नेगेटिभ भएको, विदेशस्थित सम्बन्धित नियोगबाट नेपाल प्रवेशको लागि भिसा लिएको र दफा ३ को उपदफा (१) बमोजिमको कागजात पेश गर्ने विदेशी नागरिकलाई अध्यागमन विन्दुमा एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा स्थलमार्गबाट नेपाल प्रवेशको अनुमति दिइनेछ। अध्यागमन विन्दुमा परीक्षण हुन नसकेमा निज बस्ने होटेलमा त्यस्तो परीक्षण गर्नुपर्नेछ।



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) प्रचलित कानूनबमोजिम नेपालमा अन-अराइभल भिसा पाउन सक्ने कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको, नेपाल प्रवेश गर्नुभन्दा ७२ घण्टाभित्रको कोभिड-१९ को परीक्षण रिपोर्ट नेगेटिभ भएको र दफा ३ को उपदफा (१)बमोजिमको कागजात पेश गर्ने विदेशी नागरिकलाई अध्यागमन विन्दुमा अन-अराइभल भिसा दिइने र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा स्थलमार्गबाट नेपाल प्रवेशको अनुमति दिइनेछ।

८. **संक्रमण जोखिमयुक्त मुलुकको सूची अद्यावधिक गर्ने र ट्राभल एडभाईजरीसम्बन्धी व्यवस्था :** (१) कोभिड-१९सङ्क्रमणको अवस्था विश्लेषण गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रले कोभिड-१९ संक्रमण भएका मुलुकको सूची अद्यावधिक गर्ने। सोको जानकारी गृह मन्त्रालय मार्फत् अध्यागमन विभागलाई उपलब्ध गराउने।

(२) उपदफा (१) बमोजिम सूचीका आधारमा अध्यागमन विभागले यात्रा सुझाव (Travel Advisory) जारी गर्ने र सङ्क्रमण जोखिम भएका मुलुकबाट नेपालभ्रमणमा आउने यात्रुहरूलाई अन अराइभल (On arrival) भिसा नदिने।

९. **बालबालिकाको परीक्षणसम्बन्धी व्यवस्थाः** पाँच वर्ष भन्दा कम उमेरका बालबालिकाको हकमा कुनै खोप र परीक्षण आवश्यक हुने छैन । पाँच वर्षभन्दा बढी अठार वर्ष भन्दा कम उमेरका बालबालिकाको हकमा कोभिड-१९ विरुद्धको खोप अनिवार्य हुने छैन र त्यस्ता बालबालिकाको हकमा अन्य व्यवस्था अन्य नेपाली वा विदेशी नागरिक सरह हुनेछ।

१०. **विशेष अवस्थाका नेपाली नागरिकसम्बन्धी व्यवस्थाः** वैदेशिक रोजगारीमा गएका तर सम्बन्धित मुलुकले फिर्ता गरेका, विदेशी मुलुकले डिपोर्ट गरेका वा वेखर्ची अवस्थामा स्वदेश फर्केका नेपाली नागरिकको हकमा कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको र नेपाल प्रवेश गर्नुभन्दा ७२ घण्टाभित्र कोभिड-१९ को परीक्षण रिपोर्ट नेगेटिभ भएको तथा कुनै लक्षण नदेखिएकाहरूको हकमा गन्तव्यमा जान दिने, अन्यको हकमा नेपाल प्रवेश गर्ने अध्यागमन विन्दुमा एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा गन्तव्यमा जान दिने र रिपोर्ट पोजेटिभ आएमा नेपाल सरकारले तोकेको आइसोलेसन वा अस्पतालमा दश दिनसम्म राखी कोभिड-१९ को परीक्षणबाट रिपोर्ट नेगेटिभ आएपछि गन्तव्यमा जान दिइनेछ।

११. **अध्यागमन विन्दुमा परीक्षणको व्यवस्था गर्नेः** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल प्रवेश गर्ने अध्यागमन विन्दुमा एन्टिजेन परीक्षणको व्यवस्था गर्नुपर्नेछ र सोको लागि आवश्यक सहयोग स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र गृह मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ।

१२. <u>**नेपालबाट प्रस्थान गर्ने यात्रुसम्बन्धी व्यवस्थाः**</u> (१) नेपालबाट प्रस्थान गर्ने यात्रुहरूले निम्नानुसारका कागजात पेश गर्नुपर्नेछ।

(क) गन्तव्य मुलुकले तोकेबमोजिमको खोप तथा स्वास्थ्य परीक्षणसम्बन्धी मापदण्ड पूरा गरेको र त्यसरी नतोकिएकोमा प्रस्थान गर्न बोर्डिङ पास प्राप्त गर्नुभन्दा ४८ घण्टाभित्रको नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गरिएको कोभिड-१९ को नेगेटिभ रिपोर्ट।

(ख) कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी) को वेवसाईट www.ccmc.gov.np मा लगइन गरी (International Online Departure Form) अनलाइन फारम भरेको कागजात।

(ग) नेपालबाट विदेश प्रस्थान गर्ने नेपाली नागरिकहरूको हकमा कोभिड-१९ विरुद्धको खोप लगाएको क्युआर कोडसहितको प्रमाणपत्र।

(२) नेपालबाट विदेश जाने नेपाली नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाएको क्यूआर कोडसहितको प्रमाणपत्र सहजै रूपमा र संभव भएसम्म अनलाइन माध्यमबाट उपलब्ध हुने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नु पर्नेछ।

१३. <u>**वायु सेवाको जिम्मेवारीः**</u>(१) वायुसेवाले यस आदेशबमोजिमको शर्त वा मापदण्ड पूरा नभएका यात्रुलाई विमानमा चेक इन गर्न वा विमानमा राखी नेपालमा ल्याउन वा नेपालबाट अन्य मुलुकमा लैजान हुँदैन।

(२) वायु सेवाले पालन गर्नुपर्ने स्वास्थ्य सुरक्षाका मापदण्ड सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जारी गर्नेछ र त्यस्तो मापदण्डको पालना गर्नु वायु सेवाको कर्तव्य हुनेछ।

१४. <u>**होटेलको जिम्मेवारीः**</u> (१) विदेशी नागरिक राख्ने प्रत्येक होटेलले विदेशी नागरिकलाई चेकइन गराउनु भन्दा अघि निजले दफा ३बमोजिम खोपको मात्रा पूरा गरेको र हवाई उडानको लागि चेक इन हुनु भन्दा ७२ घण्टा भित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको कुरा सुनिश्चित गर्नु पर्नेछ।

(२) खोपको मात्रा पूरा गरेको विदेशी नागरिकलाई होटेलमा चेक इन गरेको चौबीस घण्टाभित्र अनिवार्य रूपमा एन्टिजेन परीक्षण गरी सोको रिपोर्ट नेगेटिभ भएपछि मात्र होटेल बाहिर जान दिनुपर्नेछ। त्यसपछि हरेक ७२ घण्टापछि एन्टिजेन परीक्षण गर्नुपर्नेछ।

(३) दफा ३ को उपदफा (३)बमोजिमको अवस्थाका विमानस्थलमा एन्टिजेन परीक्षण नगरेका विदेशी नागरिकलाई एन्टिजेन परीक्षण नगरी होटेलमा चेक इन गराउनु हुँदैन।

(४) होटेल क्वारेन्टिन वा आइसोलनमा बसेको विदेशी नागरिकलाई सोसम्बन्धी मापदण्ड पालन गराउने दायित्व सम्बन्धित होटेलको हुनेछ।

(५) विदेशी नागरिकहरूलाई क्वारेन्टिन वा आइसोलेसनमा राख्ने जिम्मेवारी पाएका होटलहरूले त्यसरी होटलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेको विदेशी नागरिकहरूको विवरण र उनीहरूको स्वास्थ्य परीक्षणबाट देखिएको पछिल्लो नतिजाका बारेमा प्रत्येक हप्ताको शुक्रबार सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लिखित रूपमा जानकारी गराउनु पर्नेछ।

१५. **कन्टयाक्ट ट्रेसिङ्ग गर्नेः**(१) कुनै हवाई उडानमा आएको यात्रु कोभिड-१९ संक्रमित देखिएमा सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सो विमानमा आएका सबै यात्रुको विवरण तत्काल स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सो विमानमा रहेका यात्रुको कन्टयाक्ट ट्रेसिङ गरी सबै यात्रुलाई होम वा होटेल क्वारेन्टिनमा राखी कोभिड-१९ को परीक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कोभिड-१९ को संक्रमितले यात्रा गरेको विमान सेवाले कन्टयाक्ट ट्रेसिङ गर्ने प्रयोजनको लागि आफ्नो विमानमा यात्रा गरेका यात्रुको विवरण उपलब्ध गराउने लगायतका आवश्यक सहयोग गर्नुपर्नेछ।

१६. **स्वास्थ्यसम्बन्धी कागजातको जाँचबुझः** विमानस्थलमा आगमन हुने यात्रुहरूको स्वास्थ्यसम्बन्धी कागजातको जाँचबुझ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट खटिएको कर्मचारीले गर्नेछ।

१७. **कारबाही हुनेः** यस आदेशको पालना नगर्ने व्यक्तिलाई सङ्क्रामक रोग ऐन, २०२० तथा प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

१८. **यात्रासम्बन्धी सूचना जारी गर्नेः** यो आदेश जारी भएपछि यसैअनुसारको यात्रासम्बन्धी सूचना (Travel Advisory) अध्यागमन विभागले जारी गर्नेछ।

१९. **खारेजी र बचाउः** (१) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।६।५ को विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८ र नेपाल आगमन सम्बन्धमा भएका मिति २०७८।६।५ र २०७८।८।१३ का आदेशहरू खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेशबमोजिम भएका गरेका काम कारबाही यसै आदेशबमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं